संवाद स्क्रिप्ट

1 おはようございます

[01-1]
शुभ प्रभात।

[01-2]
नमस्कार / शुभ दिन।

[01-3]
शुभ सन्ध्या।

[01-4]
शुभरात्रि।

[01-5]
भोजन सुरु गर्छु।

[01-6]
स्वादिष्ट भोजनका लागि धन्यवाद।

2 いってらっしゃい

[02-1]
होस्ट परिवार : राम्रोसँग गएर आउनुहोस्।
तपाईं : म गएर आउँछु।

[02-2]
होस्ट परिवार : स्वागत छ, फर्किनुभयो।
तपाईं : म फर्किएँ।

[02-3]
कम्पनीको मान्छे : म पहिले बिदा हुन्छु / जान्छु।
तपाईं : तपाईंले आज गर्नुभएको मेहनतका लागि धन्यवाद।

[02-4]
साथी : स्वागत छ!
तपाईं : माफ गर्नुहोस्, भित्र आउँदै छु।

3 遅(おそ)くなってごめん

[03-1]
साथी : ल, यो तपाईंका लागि उपहार।
तपाईं : वाह! धन्यवाद।

[03-2]
हजुरआमा : धेरै सहयोग भयो। धेरै धेरै धन्यवाद।
तपाईं : होइन होइन, केही छैन।

[03-3]
पुरुष : अँइया!
तपाईं : माफ गर्नुहोस्।

[03-4]
साथी : ढिलो भएँ, माफ गर!
तपाईं : होइन, ठिकै छ।

4 いい天気(てんき)ですね

[04-1]
छिमेकी : शुभ प्रभात। आजकल चिसो छ है?
तपाईं : हो, त्यस्तै हो।

[04-2]
छिमेकी : ओहो, नमस्कार। आज त राम्रो मौसम छ है?
तपाईं : हो, त्यस्तै हो।

[04-3]
छिमेकी : हरेक दिन गर्मी छ है?
तपाईं : हो, साँच्चै।

[04-4]
छिमेकी : ओहो, नमस्कार। आज निकै जोडले हावा चलिरहेको छ है ?
तपाईं : हो, त्यस्तै हो।

[04-5]
छिमेकी : छ्या , आज त निकै ठूलो वर्षा भइरहेको छ है ?
तपाईं : हो, साँच्चै।

[04-6]
छिमेकी : आजकल निकै शीतल भयो है ?
तपाईं : हो, शरद ऋतु लाग्यो है ?

5 読(よ)んでください

[05-1]
शिक्षक : कृपया सुन्नुहोस्।

[05-2]
शिक्षक : कृपया हेर्नुहोस्।

[05-3]
शिक्षक : कृपया पढ्नुहोस्।

[05-4]
शिक्षक : कृपया लेख्नुहोस्।

[05-5]
शिक्षक : कृपया भन्नुहोस्।

[05-6]
शिक्षक : कृपया जोडी बनाएर कुराकानी गर्नुहोस्।

6 ベトナムから来(き)ました

[06-1]

रीन : नमस्कार। म रीन हुँ।
भियतनामबाट आएकी हुँ। तपाईको सहयोगको अपेक्षा गर्छु।

[06-2]

जोन : म किम जोन हो। मलाई जोन भनेर बोलाउन सक्नुहुन्छ।
म दक्षिण कोरियाली हुँ। गत वर्ष जापान आएको हुँ। तपाईको सहयोगको अपेक्षा गर्छु।

[06-3]

थापा : नमस्कार। म थापा हुँ।
नेपालबाट आएको हुँ। तपाईको सहयोगको अपेक्षा गर्छु।

[06-4]

एलिस : नमस्कार। म एलिस हुँ।
मेरो बुबा र आमा भारतका हुनुहुन्छ, तर म अष्ट्रेलियामा जन्मेकी हुँ।

7 店長(てんちょう)をしています

[07-1]

तपाईं : रीनजी, तपाईंको काम के हो?

रीन : म रेस्टुरेन्टमा काम गर्छु। करिब १५ वर्ष भइसक्यो। अहिले म पसल प्रमुख हुँ।

[07-2]

तपाईं : एलिसजी, तपाईं कस्तो काम गर्नुहुन्छ?

एलिस : म, उम्..., प्राथमिक विद्यालयमा अंग्रेजी पढाउँछु।

[07-3]

तपाईं : जोनजी चाहि?

जोन : म अझै विश्वविद्यालयको विद्यार्थी हुँ। म इन्जिनियरिङ संकायको तेस्रो वर्षमा अध्ययन गर्दैछु।

[07-4]

तपाईं : थापाजी, तपाईं के काम गर्नुहुन्छ?

थापा : म मोटरगाडी (अटोमोबाइल) इन्जिनियरको रूपमा काम गर्छु।

8 おいくつですか

[08-1]

तपाईं : तपाईंको बच्चा धेरै प्यारा रहेछन्। उमेर कति हो?

छिमेकी : पाँच वर्ष हो।

[08-2]

कम्पनीका सहकर्मी : आज मेरो पाल्तु बिरालोको जन्मदिन हो।

तपाईं : वाह! बधाई छ। उमेर कति भयो?

कम्पनीका सहकर्मी : तीन वर्ष भयो।

[08-3]

तपाईं : तपाईंको छोरा अहिले विश्वविद्यालयको विद्यार्थी हो?

कम्पनीका सहकर्मी : होइन, अहिले कम्पनीमा काम गर्छ। २७ वर्षको भयो।

[08-4]

तपाईं : तपाईंकी छोरी अहिले कति वर्षकी भइन्?

कम्पनीका सहकर्मी : यस वर्ष २० वर्षकी भइन्।

[08-5]

तपाईं : तपाईंका बुबा सन्चै हुनुहुन्छ?

कम्पनीका सहकर्मी : हो, सन्चै हुनुहुन्छ। यस वर्ष ६० वर्षको हुनुभयो।

9 誕生日(たんじょうび)はいつですか

[09-1]
तपाईं : शोताजी, तपाईंको जन्मदिन कहिले हो?
शोता : डिसेम्बर २ तारिख हो।

[09-2]
तपाईं : सर, परीक्षा कहिले छ?
शिक्षक : फेब्रुअरी १ तारिख छ ।

[09-3]
शिक्षक : सबैजना, गृहकार्य अप्रिल ८ तारिखसम्म बुझाउनुपर्छ।

[09-4]
तपाईं : थानजी, अब छिट्टै गर्मी बिदा छ, है । आफ्नो देश कहिले फर्किनुहुन्छ?
थान : जुलाई २४ तारिखमा फर्किन्छु।

[09-5]
तपाईं : ताकाहाशीजी, व्यवसायिक भ्रमण कहिलेदेखि हो?
ताकाहाशी : सेप्टेम्बर २० तारिखदेखि हो।

10　妹（いもうと）のあかりです

[10-1]
उएदा　: यो मेरो बुबा हुनुहुन्छ।

[10-2]
उएदा　: यो मेरी आमा हुनुहुन्छ।

[10-3]
तपाईं　: यो व्यक्ति...?
उएदा　: उहाँ मेरो दाइ हुनुहुन्छ। मभन्दा दुई वर्ष जेठो हुनुहुन्छ।

[10-4]
तपाईं　: यो व्यक्ति...?
उएदा　: मेरी बहिनी अकारी हुन्।

11 いくらですか

[11-1]

तपाईं : यो टोपी कति प्यारी छ! यसको मूल्य कति हो?
पसलको कर्मचारी : ४,००० येन हो।
तपाईं : त्यस्तो हो? अनि, त्यो झोला चाहिँ?
पसलको कर्मचारी : ६,८०० येन।
तपाईं : त्यस्तो हो?

[11-2]

तपाईं : यो टी–सर्ट पनि राम्रो छ है। ... मूल्य कति हो?
पसलको कर्मचारी : वास्तविक मूल्य १,००० येन हो, तर...
५० प्रतिशत छुट गरेर ५०० येनमा दिन्छु।
तपाईं : ए! साँच्चै हो? ल, यही दिनुहोस्।

12 ばんそうこうはどこですか

[12-1]

तपाईं **:** उम्....., माफ गर्नुहोस्।

पसलको कर्मचारी A : हजुर, स्वागत छ।

तपाईं **:** : उम्.....,ब्यान्डेज... छ?

पसलको कर्मचारी A : ए...., ब्यान्डेज है?
बान्सोको अन्डर ग्राउण्ड पहिलो तला (B1) मा रहेको औषधि पसलमा उपलब्ध छ।

तपाईं **:** बुझें। धन्यवाद।

[12-2]

तपाईं **:** माफ गर्नुहोस्। ब्यान्डेज कहाँ छ?

पसलको कर्मचारी B : ब्यान्डेज है? ब्यान्डेज... उता छ। प्रवेशद्वारको नजिकै छ।

तपाईं **:** ए, बुझें। धन्यवाद।

13 お弁当(べんとう)は温(あたた)めますか

[13-1]

तपाईं : कृपया हिसाब गरिदिनुहोस्।
पसलको कर्मचारी : धन्यवाद। म लिन्छु। तपाईंलाई प्लास्टिकको झोला चाहिन्छ?
तपाईं : अहँ। मसँग आफ्नै झोला छ।
पसलको कर्मचारी : सामान यसैमा हालिदिऊँ?
तपाईं : म आफैँ हाल्छु। धन्यवाद।
पसलको कर्मचारी : बेन्टो (प्याक गरिएको खाना) तताइदिऊँ?
तपाईं : आ, कृपया तताइदिनुहोस्।

[13-2]

पसलको कर्मचारी : यस सामानका लागि उमेर पुष्टि गर्नुपर्ने भएकाले, कृपया आफ्नो परिचयपत्र देखाइदिनुहुन्छ?
तपाईं : ए। आवास कार्ड (Residence Card) ले हुन्छ?
पसलको कर्मचारी : हुन्छ। ...पुष्टि भयो। धन्यवाद।
पसलको कर्मचारी : जम्मा १,५८० येन भयो।
तपाईं : यातायातमा प्रयोग हुने IC कार्डबाट भुक्तानी गर्छु।
पसलको कर्मचारी : त्यसो भए, कृपया यहाँ कार्ड छुनुहोस्।

14 ポイントアプリはお持(も)ちですか

[14-1]

पसलको कर्मचारी : ग्राहकज्यू, तपाईंसँग पोइन्ट एप छ?

तपाईं : अहँ, छैन।

पसलको कर्मचारी : यदि तपाईंले एप प्रयोग गर्नुभयो भने, प्रत्येक १०० येनको खरिदमा १ पोइन्ट जम्मा हुन्छ।

तपाईं : ए, हो र?

पसलको कर्मचारी : जम्मा भएको पोइन्ट अर्को पटकको खरिदमा १ पोइन्ट बराबर १ येनका रूपमा प्रयोग गर्न सकिन्छ।

तपाईं : ए, त्यस्तो रहेछ है।

[14-2]

पसलको कर्मचारी : प्रयोग गर्नका लागि, पहिले एप डाउनलोड गरेर आफ्नो इमेल ठेगाना र नाम दर्ता गर्नुपर्छ।

तपाईं : त्यस्तो हो? तर, आज समय छैन, त्यसैले अहिले चाहिँ पर्दैन।

15 あちらの試着室へどうぞ

[15-1]

पसलको कर्मचारी : ग्राहकज्यू, म तपाईंलाई के सहयोग गरौँ?

तपाईं : उम्..., के म यो लगाएर हेर्न सक्छु?

[15-2]

पसलको कर्मचारी : हजुर बुझेँ। कति वटा सामान छ?

तपाईं : दुई वटा छन्।

पसलको कर्मचारी : त्यसो भए, कृपया त्यहाँको ट्रायल रुममा जानुहोस्। यो फेस कभर प्रयोग गर्नुहोस्।
अहिले सबैभन्दा भित्रको कोठा खाली छ। कृपया जुत्ता खोलेर भित्र पस्नुहोस्।

तपाईं : बुझें।

16 美容院（びよういん）に行きます

[16-1]

तपाईं : आ, रिसाजी, धेरै मेहनत गर्नुभयो।
उम्..., भोलि शनिबार पुस्तकालयमा सँगै गृहकार्य नगर्ने?

रिसा : भोलि? भईहाल्छनि। तर मेरो अलिकति व्यक्तिगत काम छ ...

तपाईं : त्यसो हो? के गर्ने गर्नुहुन्छ?

रिसा : बिहान ब्यूटी पार्लर जान्छु। १० बजेको समय बूक छ।
दिउँसो साथीसँग खाना खाएर, त्यसपछि किनमेल गर्छु।

[16-2]

तपाईं : ए, त्यसो भए व्यस्त हुनुहुन्छ है ।

रिसा : आ, तर किनमेलपछि ४ बजेदेखि भने म फुर्सद छु ।

तपाईं : ए..., तर तपाईं व्यस्त हुनुहुन्छ नि, होइन र?

रिसा : होइन, ठिकै छ। मलाई पनि सँगै गृहकार्य गर्न मन भएकोले ।
दुई घण्टा जति अध्ययन गरौँ।

17 土曜日(どようび)にバイトがあります

[17-1]

रान **:** हेलो।

तपाईं **:** हेलो। रानजी, अहिले कुरा गर्न मिल्छ?

रान **:** मिल्छ। के भयो?

तपाईं **:** उम्..., पहिले कराओके जान मन छ भनेर कुरा गरेका थियौँ नि।

रान **:** हो, सम्झेँ।

तपाईं **:** अर्को हप्ता कस्तो होला?

रान **:** अर्को हप्ता? ठिक हुन्छ।
अर्को हप्ता, उम्..... , सोमबार, बुधबार र शनिबार मेरो पार्ट-टाइम काम छ।
मंगलबार र बिहीबार अरू योजना छन्, तर आइतबार भने फुर्सद छ।
ए..., अनि शुक्रबार पनि ठिक हुन्छ।

[17-2]

तपाईं **:** ठीक छ। बुझें।
आ, रानजी, त्यो कराओके पसलमा कुन दिन सस्तो हुन्छ?

रान **:** उम्..., सोमबार र बिहीबार अलिकति सस्तो हुन्छ।
शनिबार र आइतबार कार्यदिनभन्दा महँगो हुन्छ।

तपाईं **:** बुझें। ल, शुक्रबार जाऔँ।

18　明日の待ち合わせなんだけど…

[18-1]

रान **:** हेलो। म रान हुँ।

तपाईं **:** हेलो। रानजी, अहिले कुरा गर्न मिल्छ?

रान **:** मिल्छ।

तपाईं **:** भोलिको कराओकेको लागि भेट्ने स्थानको बारेमा हो... के गर्ने?

[18-2]

रान **:** त्येसो है......
स्टेशनमा भेला भएर, त्यसपछि सँगै पसलमा जाऔँ।
उम..., कराओके ११ बजेदेखि सुरु हुन्छ, त्यसैले १५ मिनेटअघि यामाकावा स्टेशनमा भेटौँ, हुन्छ?

तपाईं **:** हुन्छ, त्यसै गरौँ।

19 遅(おそ)くなりそう

[19-1]

तपाईं : हजुर, हेलो।

तनाका : हेलो, अनिताजी?

तपाईं : हजुर । तनाकाजी, के भयो?

तनाका : माफ गर्नुहोस्! म भर्खरै उठेँ!
हतार गरेर तयारी गर्छु, तर तय गरिएको समयभन्दा करिब १५ मिनेट ढिलो हुन सक्छु। साँच्चै माफ गर्नुहोस्!

तपाईं : ए, साँच्चै? ठीक छ, बुझें। म पनि अझै घरमै छु, त्यसैले ठिकै छ ।

[19-2]

तपाईं : हजुर, हेलो।

तनाका : अनिताजी, साँच्चै माफ गर्नुहोस्।

तपाईं : हजुर। के भयो?

तनाका : म अहिले स्टेशनमा छु तर रेलको समयतालिका बिग्रिएको जस्तो छ, अझ ढिलो होला जस्तो छ।

तपाईं : ए..., त्यो त गार्हो भयो।

तनाका : अहिले १० बजेर ५ मिनेट भयो त्यसैले... अब करिब २० मिनेटमा आइपुग्छु होला। साँच्चै माफ गर्नुहोस्!

तपाईं : बुझें। ध्यान दिएर आउनुहोस् है।

20 休(やす)みはどこか行(い)くんですか

[20-1]

तपाईं : साँच्चै आज पनि चिसो छ, है...
यामामोतोजी, नयाँ वर्षको बिदामा कतै जाने योजना छ?

यामामोतो : नयाँ वर्षको बिदामा? उम्..., म होक्काइडो जाने सोचमा छु।
स्की खेल्दै र हिउँमा रमाउदै गर्न पाए राम्रो हुन्थ्यो भन्ने लागेको छ।
चिडियाखाना पनि गएर धेरै प्यारा जनावरहरू हेर्न चाहन्छु।

तपाईं : ओहो, राम्रो रहेछ। होक्काइडो पहिलो पटक जान लाग्नुभएको हो?

यामामोतो : हो। पहिलो पटक भएकाले म धेरै उत्साहित छु!

[20-2]

यामामोतो : नातालीजी पनि नयाँ वर्षको बिदामा कतै जानुहुन्छ?

तपाईं : अहँ, घरमै आराम गर्छु ।

21 お持ち帰りですか

[21-1]

पसलको कर्मचारी : स्वागत छ।
साथमा लैजानुहुन्छ कि यहाँ नै खानुहुन्छ?

तपाईं : यहाँ नै खान्छु।

[21-2]

पसलको कर्मचारी : पसलमै हो है। अर्डर गर्नु अघि कृपया आफ्नो सिट सुरक्षित गरिदिनुहोस्।
सिट रोजिसक्नुभएको छ?

तपाईं : अहिलेसम्म सिट छानेको छैन।

पसलको कर्मचारी : त्यसो भए, कृपया पहिले सिट लिनुहोस्।

तपाईं : बुझेँ।

22 おなかいっぱいだから…

[22-1]

तपाईं : धेरै मिठो थियो है !

युतो : हो, साँच्चै। सबै परिकार मिठो थियो।
डेजर्ट(गुलियो खनेकुरा) के गर्ने? खाने?

[22-2]

तपाईं : के गरौँ होला…। युतो, खान्छौ?

युतो : हो, खाउँ होला। यामजी, तपाईं?

तपाईं : मेरो पेट भरिसक्यो, त्यसैले मलाई चाहिँ पर्दैन।

23 大阪（おおさか）ジュースって…？

[23-1]

पसलको कर्मचारी : स्वागत छ। यो मेनु हो। अर्डर चाहिँ?

तपाईं : उम्..., माफ गर्नुहोस्। यो "ओसाका जुस" भनेको के हो?

[23-2]

पसलको कर्मचारी : यो ओसाकाको प्रसिद्ध जुस हो। दूध, केरा र सुन्तला हालिएको छ।

तपाईं : यसमा स्याउ पनि हालिएको छ?

पसलको कर्मचारी : अहँ, स्याउ हालिएको छैन।

24 予約(よやく)したいんですが…

[24-1]

पसलको कर्मचारी : हजुर, हिरोता सुशी हो।

तपाईं : उम्..... बुकिङ गर्न चाहन्छु...

पसलको कर्मचारी : हुन्छ। कहिलेका लागि बुकिङ गर्न चाहनुहुन्छ?

तपाईं : आउँदो शनिबार १२ बजेदेखि २ जनाका लागि बुकिङ गर्न चाहन्छु।

पसलको कर्मचारी : हुन्छ, म एकचोटि चेक गर्छु। कृपया केही बेर पर्खिदिनुहोला।
...पर्खनुभएकोमा धन्यवाद। एकदमै क्षमा चाहन्छु, त्यो समयमा सबै सिटहरू बुक भइसकेका छन्
११ बजे वा १ बजेदेखि हो भने, २ जनाका लागि सिट व्यवस्था गर्न सकिन्छ।
११ बजेका लागि भुइँमा बस्ने जापानी परम्परागत सिट (ओजाशिकी) र काउन्टर दुवै सिट अनि १ बजेका लागि चाहिँ काउन्टर सिट मात्र बुक गर्न सकिन्छ।

[24-2]

तपाईं : त्यसो भए, ११ बजे तातामी (भुइँमा बस्ने) सिट अनुरोध गर्दछु ।

पसलको कर्मचारी : बुझें। त्यसो भए, कृपया आफ्नो नाम र फोन नम्बर भन्नुहोस्।

तपाईं : म निकोल हुँ। फोन नम्बर 090-123-4567 हो।

पसलको कर्मचारी : हुन्छ। बुकिङ गरियो।
यदि रद्द गर्नु परेमा, बुकिङ भएको दिनभन्दा अघिल्लो दिनसम्म फोन गरेर सम्पर्क गर्नुहोस्।

25 スープは、どう？

[25-1]

तपाईं : यो सुशी मिठो छ!
हिना, तिमीलाई सुशी मन पर्छ नि? एकचोटि खाएर हेर!

हिना : वाह, मिठो छ जस्तो छ! पछि खाएर हेर्छु।
उम्, यो सलाद पनि स्वादिलो छ। ड्रेसिङ अलिकति अमिलो छ।

तपाईं : ए हो र? अलिकति खाएर हेरौँ... अँ, साँच्चै रहेछ। स्वादिलो!
त्यो सुप कस्तो छ?

हिना : उम्.. नुनिलो भएर मेरो लागि चाहिँ अलि...

तपाईं : ए, त्यस्तो हो? तर स्वादिलो देखिन्छ नि...

[25-2]

तपाईं : अरे? हिना, तिमीले त मिठाई खान थालिसक्यौ?

हिना : हो। यो कुकी धेरै गुलियो छैन। अलिकति तितो छ, कम गुलियो र परिष्कृत स्वादको छ, अनि मिठो छ।

26 右（みぎ）にまっすぐ行（い）ってください

[26-1]

तपाईं : म टोकियो सिटी कला संग्रहालय जान चाहन्छु।

स्टेशन कर्मचारी : टोकियो सिटी कला संग्रहालय, हो है।
संग्रहालय चौथो नम्बरको निकासबाट जानु पर्ने भएकोले टिकट गेटबाट निस्केर दायाँतर्फ सिधै जानुहोस्।

तपाईं : दायाँतर्फ सिधै, है?

स्टेशन कर्मचारी : हो। त्यसपछि बाटोको अन्त्यमा पुगेपछि दायाँ मोड्नुहोस्।
त्यसै सिधै गयो भने एस्केलेटर आउँछ।
एस्केलेटर चढ्यो भने चार नम्बरको निकास हो।

[26-2]

स्टेशन कर्मचारी : निकासबाट निस्किएपछि अगाडि ठूलो जेब्रा क्रसिङ भएकोले, पार गर्नुहोस्।

तपाईं : जेब्रा क्रसिङ पार गर्ने हो, है?

स्टेशन कर्मचारी : हो। पार गरेपछि बायाँतर्फ सिधै हिँड्नुहोस्।
दोस्रो कुनामा दायाँ मोडेर अलिकति हिँडेपछि दायाँपट्टि संग्रहालय छ।

27 まもなく黒川(くろかわ)です

[27-1]

घोषणा : यो रेल निसिहारा जाने एक्सप्रेस रेल हो।
अब केहीबेरमा कुरोकावा स्टेशन हो। बायाँपट्टिको ढोका खुल्नेछ।

[27-2]

घोषणा : अब केहीबेरमा कुरोकावा स्टेशन हो। बायाँपट्टिको ढोका खुल्नेछ।
सबवे र मोनोरेल लाइनका लागि यहाँ रेल परिवर्तन गर्नुहोस्।
कुरोकावापछि अन्तिम स्टेशन आओबामा रोकिन्छ।
तकादा र शिराइशी स्टेशनमा नरोकिने भएकाले कृपया ध्यान दिनुहोस्।

28 コンビニの前(まえ)にいるよ

[28-1]

तपाईं : हेलो, युई? अहिले कहाँ?
युई : ए, आइपुगेँ। सुविधा पसल (कन्भिनी) अगाडि छु।
तपाईं : ए? साँच्चै? म पनि कन्भिनी अगाडि नै छु त।
युई : साँच्चै? उम्....स्टेशनभित्र पनि पसल छ, तर त्यहाँ नभएर, स्टेशन बाहिरको कन्भिनी हो है?
तपाईं : हो। छेउमै पुस्तक पसल छ नि।
युई : अरे? पुस्तक पसल? पुस्तक पसल छैन। बैंक भने छ।

[28-2]

तपाईं : बैंक...? अँ, बुझेँ! त्यो उत्तर निकासको सुविधा पसल (कन्भिनी) ।
युई, भेट्ने ठाउँ त यता हो। दक्षिण निकासको सुविधा पसल (कन्भिनी) हो।
साथी : ए! माफ गर! म तुरुन्त आउँछु। पर्खिरहनु!

29 電車(でんしゃ)がぜんぶ止(と)まっているそうです

[29-1]

घोषणा : अहिले अगाडि कुद्ने रेलमा जाँच भइरहेको कारण सबै रेलको सञ्चालन अस्थायी रूपमा रोकिएको छ। पुनः सञ्चालन कहिले सुरु हुन्छ भन्ने अझै तय भएको छैन।

तपाईं : माफ गर्नुहोस्, अहिले के भनिएको थियो? राम्रोसँग सुनिनँ।

छेउको व्यक्ति : ए, घोषणा हो?
अगाडिको रेलमा केही भएकोले सबै रेल रोकिएको छ रे।

तपाईं : ए? त्यस्तो हो? त्यसो भए कहिले चल्छ?

छेउको व्यक्ति : अझै थाहा छैन रे।

तपाईं : त्यस्तो रहेछ?

[29-2]

घोषणा : सिग्नल हरियो भएपछि रेल सञ्चालन पुनः सुरु हुनेछ।
आज यो रेलको यात्रा अर्को स्टेशनमै समाप्त हुनेछ।
मोरिकावा स्टेशनतर्फ जाने यात्रुहरूले अर्को स्टेशनमा दक्षिण-उत्तर सबवे लाइनमा परिवर्तन गर्नुहोस्।

तपाईं : उम्... माफ गर्नुहोस्, भर्खरको घोषणा के थियो?

छेउको व्यक्ति : यो रेल अर्को स्टेशनसम्म मात्र जान्छ रे।
त्यसैले यदि मोरिकावा जानु छ भने, अर्को स्टेशनमा ओर्लेर दक्षिण-उत्तर सबवे लाइनमा परिवर्तन गर्नु राम्रो हुन्छ।

तपाईं : त्यस्तो हो? धन्यवाद।

30 お客（きゃく）さん、どちらまで？

[30-1]

चालक : ग्राहकज्यू, कहाँसम्म हो?

तपाईं : कृपया स्टेशनसम्म लैजानुहोस्।

[30-2]

चालक : अब छिट्टै स्टेशन आइपुग्छ। गाडी धेरै छन्। कहाँ रोकौँ?

तपाईं : ए, साँचै हो है। बस स्टप अगाडि रोकिदिए पनि हुन्छ।

चालक : माफ गर्नुहोस्, बस स्टप अगाडि रोक्न सकिदैन।

तपाईं : ए, त्यस्तो हो? त्यसो भए त्यो कुनामा रोक्नुहोस्।

चालक : त्यहाँ पनि सकिदैन। त्यो फूल पसल अगाडि रोकूँ? त्यहाँ रोक्न सकिन्छ।

तपाईं : ल, त्यहीँ रोक्नुहोस्।

31 ちょっと忙しいけど、元気だよ

[31-1]

तपाईं : मारियाजी, धेरै दिनपछि भेट भयो!

मारिया : अरे, आनासजी! साँच्चै धेरै दिनपछि भेट भयो। सन्चै हुनु हुन्छ?

तपाईं : हजुर, तपाईंको कृपाले सन्चै छु।

[31-2]

तपाईं : मारियाजी सन्चै हुनुहुन्थ्यो?

मारिया : हजुर। अलि व्यस्त छु, तर सन्चै छु।

तपाईं : त्यस्तो हो? काम धेरै व्यस्त छ?

मारिया : हजुर। होटलको फ्रन्ट डेस्कमा काम गर्छु तर अहिले गर्मी बिदा भएकाले ग्राहकहरू धेरै छन्। हरेक दिन धेरै व्यस्त छु।

तपाईं : ए, धेरै गाह्रो रहेछ।

मारिया : हजुर। तर विभिन्न देशका ग्राहकहरूसँग कुरा गर्न भएकोले रमाइलो छ । जापानी भाषा र अङ्ग्रेजी भाषा दुवै प्रयोग गर्न पाइन्छ, धेरै सिक्न पनि पाइन्छ।

तपाईं : राम्रो रहेछ। यो त तपाइलाई एकदम मिल्ने काम रहेछ।

32 週末何してるの？

[32-1]

साथी : सप्ताहन्तमा टेनिस खेलेँ। त्यसैले काँध अलि दुखिरहेको छ।

तपाईं : त्यस्तो हो? तिमी प्रायजसो टेनिस खेल्छौ?

साथी : अहँ। मलाई खेलकुद खासै मन पर्दैन। तर पनि साथीसँग मिलेर खेलेँ।

तपाईं : त्यस्तो हो? सँधै सप्ताहन्तमा के गर्छौ?

साथी : मेरो शौक खाना पकाउनु हो। म सधैं विभिन्न देशका परिकार बनाईरहन्छु।
त्यसपछि, फिल्म पनि प्राय हेर्छु।

तपाईं : ए हो? मलाइ पनि फिल्म मन पर्छ।

[32-2]

तपाईं : कस्ता फिल्म मन पर्छ?

साथी : विज्ञानकथा, कमेडी, जे पनि मन पर्छ।
अँ, तर डर लाग्ने (होरर) फिल्म भने बिल्कुल हेर्दिनँ। डर लाग्ने कुरा मन नपर्ने भएकोले ।

तपाईं : ए...., त्यस्तो हो? मलाई एक्शन फिल्म मन पर्छ।

साथी : अरे! मलाइ पनि एक्शन फिल्म धेरै मन पर्छ!

33 どのぐらい日本語を勉強していますか

[33-1]

तपाईं : नमस्कार। मेरो नाम चेन हो। म अर्थशास्त्र संकायको तेस्रो वर्षको विद्यार्थी हुँ।

आर्डेन : नमस्कार। मेरो नाम आर्डेन हो। म गत वर्ष अमेरिकाबाट आएको हुँ।
म विश्वविद्यालयको चौथो वर्षको विद्यार्थी हुँ।

तपाईं : आर्डेनजी जापानी भाषामा शिपालु हुनुहुदो रहेछ है।
कति वर्ष जापानी पढ्दै हुनुहुन्छ?

आर्डेन : त्येसो हो है। म माध्यमिक विद्यालय देखि हो । ८ वर्ष जति भयो।

[33-2]

तपाईं : तपाईंले जापानी भाषा किन पढ्ने सोच्नुभयो?

आर्डेन : सुरुमा त एनिमे (कार्टुन) को कारण थियो।
माध्यमिक विद्यालयमा हुँदा पहिलोपटक हेरेर, जापानी भाषा सिक्न मन लाग्यो।

तपाईं : त्यस्तो हो? सुरु गर्ने कारण एनिमे रहेछ।

आर्डेन : हजुर। तर अहिले म स्नातकोत्तरमा जापानी साहित्यको अनुसन्धान गर्न चाहेकोले हरेक दिन धेरै पुस्तक पढ्छु।

तपाईं : साहित्यको अनुसन्धान? गाह्रो जस्तो छ । तर रोचक जस्तो पनि छ ।

34 休(やす)みはどこか行(い)きましたか

[34-1]

तपाईं : नाकामुराजी, बिदामा कतै जानुभयो?

नाकामुरा : हजुर। परिवारसँग समुद्र तिर गएको थिएँ। शनिबार मौसम धेरै राम्रो थियो।

तपाईं : राम्रो है। समुद्रमा पौडी खेल्नुभयो?

नाकामुरा : त्यसो त अझै पानी धेरै चिसो भएकाले पौडी खेलिनँ।
तर समुद्र हेर्दै बारबेक्यु गर्यौं।
बारबेक्युमा माछा पोलेको पहिलोपटक थियो, तर धेरै स्वादिलो थियो।

तपाईं : त्यस्तो हो।

[34-2]

तपाईं : बारबेक्युपछि के गर्नुभयो?

नाकामुरा : शनिबार समुद्र नजिकै बस्यौँ, आइतबार शपिङ मल गयौँ।

तपाईं : ए हो? केही किन्नुभयो?

नाकामुरा : म जुत्ता किन्न चाहन्थेँ, तर राम्रो नभएकोले.......।
त्यसैले केही पनि नकिनी फिल्म हेरेर घर फर्कियौँ।
मेरो बच्चाले "मनपर्ने मङ्गाको फिल्म बनेको छ, त्यो हेर्न चाहन्छु" भनेको भएर।
थाहा नभएको मङ्गा थियो तर रमाइलो थियो।

तपाईं : राम्रो भएछ है।

35 おすすめの場所(ばしょ)はありますか

[35-1]

तपाईं : कोबायाशीजी, यसपाली घुम्न आकाने शहर जाने कुरा भयो।

कोबायाशी : ए.... त्यसो हो?

तपाईं : कोबायाशीजीको गृहस्थान आकाने शहर थियो नि? सिफारिस गर्नुहुने ठाँउ छ?

कोबायाशी : स्टेशनबाट अलि टाढा छ, तर पहाडतिर प्रसिद्ध किल्ला छ।
अहिलेको मौसममा साकुरा सुन्दर हुन्छ।
किल्लाअगाडिको खुला मैदानमा धेरै मानिसहरू साकुरा हेर्न आउँछन्, धेरै चहलपहल हुन्छ।

तपाईं : राम्रो रहेछ है।

[35-2]

तपाईं : खानाको कुनै सिफारिस छ?

कोबायाशी : आकाने शहर रामेनका लागि प्रसिद्ध छ, तर माछा पनि धेरै स्वादिलो हुन्छ है।

तपाईं : त्यस्तो हो?

कोबायाशी : सुशी पनि ठिक छ, तर स्थानीय माछा प्रयोग गर्ने इटालियन रेस्टुरेन्ट सबैभन्दा बढी सिफारिस गर्छु।

तपाईं : इटालियन हो? अवश्य गएर हेर्न चाहन्छु।

36 ご利用は初めてですか

[36-1]

कर्मचारी : नमस्कार। प्रशिक्षण कक्ष (जिम) को प्रयोग पहिलो पटक हो?

तपाईं : हो, पहिलोपटक हो।

कर्मचारी : त्यसो भए, प्रयोग गर्ने तरिका बताउँछु है।
सबैभन्दा पहिले, जुत्ताको कुरा। प्रशिक्षण कक्षमा अनिवार्य रूपमा भित्र लगाउने जुत्ता लगाउनुहोस्।
बाहिर लगाएको जुत्ता लगाउन हुदैन।

तपाईं : बुझें।

कर्मचारी : त्यसपछि, पानी वा स्पोर्ट्स ड्रिंक जस्ता पेय पदार्थ ल्याउन पनि हुन्छ, तर ढकनी भएको बोतलमा हुनुपर्छ।
क्यान वा कप भने भित्र ल्याउन पाइँदैन।

[36-2]

कर्मचारी : अब मेसिन प्रयोग गर्ने नियम है।
मेसिन प्रयोग गरेपछि, अर्को प्रयोगकर्ताको लागि तौलियाले पसिना पुछिदिनुहोस्।

तपाईं : बुझें। त्यहाँको तौलिया हो नि?

कर्मचारी : हो। प्रयोग गरिसकेपछि तौलिया त्यो बाकसमा राख्नुहोस्।
त्यसपछि, एउटा मेसिन १५ मिनेटसम्म मात्र प्रयोग गर्नुहोस्।

तपाईं : १५ मिनेट हो?

कर्मचारी : हो। अभ्यास सकिएपछि अर्को ठाउँमा जानुहोस्।
किनकि अरू मानिसहरू पर्खिरहेका हुन सक्छन्।
कृपया मेसिनमा बसेर आराम नगर्नुहोस्।

37 どんなイベント？

[37-1]

साथी : सुनन, अर्को हप्ता मेरो सेमिनार समूहले एउटा कार्यक्रम गर्दैछ।

तपाईं : वाह! कस्तो कार्यक्रम?

साथी : अन्तर्राष्ट्रिय सांस्कृतिक आदानप्रदान कार्यक्रम।
जापानी विद्यार्थी र विदेशी विद्यार्थीहरू सँगै खेल खेल्छन् र कुराकानी गर्छन्।
धेरै साथी बनाउन सकिन्छ।

तपाईं : ए........, कहाँ हुन्छ?

साथी : A201 कक्षा कोठामा!

[37-2]

तपाईं : त्यो कार्यक्रम त रमाइलो जस्तो छ। कहिले हुन्छ?

साथी : अर्को हप्ताको मंगलबार ६ बजे।

तपाईं : अर्को मंगलबार? उम्! म जान सक्छु।

साथी : वाह! ठीक भयो, ल त्यसो भए पक्का।

तपाईं : हुन्छ। दर्ता गर्ने तरिका बताइदेऊ न।

साथी : फोन वा इमेलबाट पनि हुन्छ, तर यो अझ सजिलो छ।
यो QR कोड स्क्यान गर।

38 お時間(じかん)はどうされますか

[38-1]

कर्मचारी : स्वागत छ। दुई जना प्रयोग गर्ने हो?

तपाईं : हजुर त्येसै हो।

कर्मचारी : समय कति गर्नु हुन्छ?

तपाईं : कृपया दुई घण्टाका लागि।

कर्मचारी : सदस्यता कार्ड वा विद्यार्थी परिचयपत्र छ?

तपाईं : ए, हजुर, छ।

[38-2]

कर्मचारी : त्यसो भए, कोठा पाँचौँ तलाको ५०३ नम्बर हो।
सफ्ट ड्रिंक असीमित (जति चाहियो उति) पिउन सक्नुहुन्छ। कृपया ड्रिंक बारबाट आफैँ लिनुहोस्।
आरामसँग समय बिताउनुहोस्।

39 遅(おく)れないようお願(ねが)いします

[39-1]

गाइड : सबैजना, हामी केन्चोजी मन्दिरको प्रवेशद्वारमा पुग्यौ।
यो केन्चोजी मन्दिर सन् १२५३ मा बनाइएको ऐतिहासिक मन्दिर हो।
यो कामाकुराको सबैभन्दा ठूलो मन्दिर हो र भित्र हेर्ने ठाउँहरू धेरै छन्।
रेस्टुरेन्ट जानुअघि सम्म स्वतन्त्र समय हुनेछ।
अबबाट १ घण्टा मन्दिरभित्र मनपर्ने ठाउँ स्वतन्त्र रूपमा हेर्नुहोस्।

[39-2]

गाइड : मन्दिर अवलोकनपछि ११:३० बजे खाना खाने रेस्टुरेन्टतर्फ जान्छौँ।
कृपया ११:२५ बजे जम्मा हुनुहोस्।
भेट्ने ठाउँ पार्किङ स्थल हो, जहाँ केहीबेरअघि बसबाट ओर्लनुभएको थियो।
सबै जना जम्मा भएपछि मात्र रेस्टुरेन्ट जाने भएकाले कृपया ढिलो नगर्नुहोस्।

40 SNS にアップしても大丈夫です

[40-1]

कर्मचारी **:** आज कारखाना अवलोकन गर्न आउनुभएकोमा धन्यवाद।
सबैभन्दा पहिले, फोटो खिच्ने सम्बन्धमा केही अनुरोध छन्।
कारखानाभित्र स्वतन्त्र रूपमा फोटो खिच्न सक्नुहुन्छ, तर फ्ल्यास प्रयोग नगर्नुहोस्।
साथै, मोबाइल वा क्यामेरा हातमा समातेर मात्र फोटो खिच्नुहोस्।
ट्राइपोड वा सेल्फी स्टिकको प्रयोग खतरनाक हुने भएकाले प्रयोग नगर्नुहोस्।

[40-2]

कर्मचारी **:** उम्.... यसपछि सामाजिक सञ्जाल (SNS) मा फोटो अपलोड गर्ने नियमबारे बताउँछु।
आज खिचिएका फोटोहरू SNS मा अपलोड गर्न सक्नुहुन्छ।
तर अन्य ग्राहक वा कर्मचारी देखिएका फोटोहरू अपलोड नगर्नुहोस्।
मिठाई वा मेसिन मात्र देखिएका फोटो भने भए समस्या छैन।
नियम पालना गर्दै अवलोकनको आनन्द लिनुहोस्।

41 初(はじ)めてなんですが…

[41-1]

रिसेप्सनिस्ट : नमस्कार।

तपाईं : उम्...... पहिलोपटक हो........

रिसेप्सनिस्ट : ए, हु हजुर। बुकिङ गर्नुभएको छ?

तपाईं : हजुर। मैले इन्टरनेटबाट ११ बजेको लागि आरक्षण गरेको थिएँ।

रिसेप्सनिस्ट : ११ बजेको लागि बुकिङ गर्नुभएको कान जी है? त्यसो भए, कृपया आफ्नो माइ नम्बर कार्ड (My Number Card) देखाउनुहोस्।

[41-2]

रिसेप्सनिस्ट : त्यसो भए, कृपया यो स्वास्थ्य विवरण फाराममा आफ्नो ठेगाना, नाम र आजको लक्षण आदि लेख्नुहोस्।
त्यहाँको सोफामा बसेर पर्खनुहोस्।

तपाईं : हुन्छ।

42 しばらく家（いえ）で休（やす）んでください

[42-1]

डाक्टर : गार्सियाजी, चोट लागेको ठाउँ सकेसम्म नचलाउनुहोस् र केही समय घरमै आराम गर्नुहोस्।

तपाईं : बुझें। उम्... आज नुहाउन मिल्छ?

डाक्टर : आज नछिर्नुहोस्। शरीर पुछेर मात्र सफा गर्नुहोस्।

तपाईं : बुझें। धन्यवाद।

[42-2]

तपाईं : उम्..., पर्सि फुटबलको अभ्यास छ...... गर्न मिल्छ?

डाक्टर : पर्सि? पर्सि त गाह्रो छ।

तपाईं : त्यस्तो हो? अनि कहिलेदेखि अभ्यास गर्न सकिन्छ?

डाक्टर : त्यस्तो हो है । तुरुन्तै त सुरु गर्न गाह्रो हुन्छ जस्तो लाग्छ।
केही समय अभ्यास नगर्नुहोस्।
अनी एक हप्तापछि फेरि देखाउन आउनुहोस्। त्यसबेला निर्णय गरौँला।

तपाईं : हुन्छ, बुझें।

43 あまり飲(の)まないようにしています

[43-1]

तपाईं : इशिकावाजी पिउनेकुरा के लिनु हुन्छ?

इशिकावा : उम्..., ऊलोङ चिया अनुरोध गर्छु।

तपाईं : अरे? रक्सी पिउनुहुन्न?

इशिकावा : हजुर रक्सी धेरै मन पर्छ तर डाक्टरले धेरै नपिउन भन्नुभएकोले.......।
आजभोली धेरै पिउने गरेको छैन ।

तपाईं : ए, त्यस्तो हो? त्यसो भए सावधानी अपनाउनु राम्रो हुन्छ।

[43-2]

इशिकावा : अरू धेरै कुरामा पनि ध्यान दिइरहेको छु।

तपाईं : ए हो? कस्ता कुरा?

इशिकावा : मलाई नुनिलो मन पर्छ, तर धेरै नखाने प्रयास गरिरहेको छु।
दिउँसोको खाना प्रायः कन्भिनीबाट किन्छु, तर कम नुन भएको खानेकुरा छान्छु।

तपाईं : त्यो त धेरै महत्त्वपूर्ण कुरा हो है।

इशिकावा : त्यसपछि व्यायाम पनि गरिरहेको छु।
हरेक बिहान कम्पनी नजिकको स्टेशनभन्दा एक स्टेशनअघि ओर्लेर करिब २० मिनेट हिँड्छु।
अनि जोगिङ पनि सुरु गरेको छु। कामपछि करिब एक घण्टा दौडिन्छु।

तपाईं : राम्रो रहेछ। म पनि सुरु गरूँ कि के हो !

44 どうぞお大事になさってください

[44-1]

फार्मेसी कर्मचारी : पर्खाइको लागि धन्यवाद। आज एलर्जीको औषधि दिइएको छ।
सुरुमा आँखामा हाल्ने औषधि हो। यसले आँखाको चिलाइ कम गर्छ।

तपाईं : हुन्छ।

फार्मेसी कर्मचारी : यसलाई दिनमा दुई पटक, बिहान र बेलुका प्रयोग गर्नुहोस्।

[44-2]

फार्मेसी कर्मचारी : त्येस्पछि यो पिउने औषधि हो। यसले हाच्छ्युँ र नाकबाट पानी बग्ने समस्या रोक्छ।
दिनमा एक पटक, बिहानको खाना खाएपछि खानुहोस्। यो एक हप्ताको लागि हो।

तपाईं : हुन्छ, बुझें।

फार्मेसी कर्मचारी : यो औषधिले अलि निद्रा लाग्न सक्छ, त्यसैले सावधान रहनुहोस्।

तपाईं : हुन्छ।

फार्मेसी कर्मचारी : ल, छिट्टै निको हुनुहोस्।

तपाईं : धन्यवाद।

45 お名前をお願いします

[45-1]

नर्स : कृपया आफ्नो नाम भन्नुहोस्।

तपाईं : ली शुन हो।

नर्स : ल, एउटा हात यहाँ राख्नुहोस् र हातलाई हल्का गरी मुठ्ठी पार्नुहोस्।

[45-2]

नर्स : अल्कोहलले छाला रातो भएको छ?

तपाईं : अहँ, छैन।

नर्स : ठीक छ। असहज महसुस भए तुरुन्त भन्नुहोस्।
… हजुर, सकियो। धन्यवाद।
यो ठाउँलाई करिब पाँच मिनेट औँलाले थिचेर राख्नुहोस्। नमिच्नुहोस्।

तपाईं : बुझेँ। धन्यवाद।

46 お給料について説明します

[46-1]

पसल प्रमुख : अब तलबबारे बताउँछु। आधारभूत प्रतिघण्टा तलब १३०० येन हो।
बेलुका ५ बजेपछिको काममा १०० येन थपिन्छ।

तपाईं : हजुर बुझें।

पसल प्रमुख : शनिबार र आइतबार भने कार्यदिनभन्दा ५० येन बढी हुन्छ, त्यसैले आधारभूत प्रतिघण्टा तलब १३५० येन हुन्छ।

तपाईं : बुझें। धन्यवाद।

[46-2]

तपाईं : माफ गर्नुहोला, प्रश्न छ।

पसल प्रमुख : भन्नुहोस्।

तपाईं : पोशाकसम्बन्धी कुनै नियम छ?

पसल प्रमुख : ए, हजुर। त्यसो है। पसलमा युनिफर्मको एप्रोन लगाउनुपर्छ।
त्यसको भित्र लगाउने कपडा भने आफैँले ल्याउनुपर्छ।
माथि सेतो सर्ट र तल कालो पाइन्ट लगाउनुहोस्। स्कर्ट लगाउन पाइँदैन।

तपाईं : बुझें। धन्यवाद।

47 来(き)てもらえると助(たす)かるんだけど

[47-1]

पसल प्रमुख : सु-जी, एकछिन सुन्नुस् त?

तपाईं : हजुर पसल प्रमुख, के भयो?

पसल प्रमुख : अर्को हप्ताको बुधबार यामाशिताजी,अचानक बिदा बस्ने हुनु भयो।
माफ गर्नुहोला यामाशिताजीको सट्टा काम गर्न सक्नुहुन्छ?

तपाईं : बुझेँ। ठिक छ।

पसल प्रमुख : धन्यवाद। सहयोग भयो।

[47-2]

पसल प्रमुख : अनि यस महिनाको अन्तिम शनिबार, २९ गते, धेरै व्यस्त हुने सम्भावना छ नि।
२–३ घण्टा मात्र भए पनि आइदिए सहयोग हुन्थ्यो।

तपाईं : माफ गर्नुहोस्। त्यो दिन चाँहि अलिकति ......।

48 野菜(やさい)を切(き)ってもらえる？

[48-1]

पसल प्रमुख : र्युजी, शुभ प्रभात! आज सुरुमा सफाइ गरिदिन सक्छौ?
कोठाको हावा राम्रो नभएकाले, पहिले सबै झ्याल खोलिदिन सक्छौ?

तपाईं : हजुर, बुझें।

पसल प्रमुख : त्यसपछि सधैंझैं हलको भुइँमा भ्याकुम लगाउनुहोस्।
टेबल चाहिँ पुसिसकेकोले भयो।

तपाईं : हजुर, बुझें।

पसल प्रमुख : त्येस पछि, शौचालय सफाई पनि म आफै गरेर राख्छु । ल, अनुरोध छ है।

[48-2]

पसल प्रमुख : र्युजी, अब तरकारीको तयारी है। यहाँ भएका तरकारीहरू काटिदिन सक्छौ?

तपाईं : हजुर, बुझें।

पसल प्रमुख : बन्दाकोबीलाई पातलो काट्नुहोस्।

तपाईं : हुन्छ। पातलो है। बुझें। गाजर पनि काट्ने हो?

पसल प्रमुख : हजुर, गाजरलाई गोलो काट्नुहोस्।

तपाईं : गोलो कटाई........?

पसल प्रमुख : ए, गोलो कटाई भनेको गोलो आकार है। काटिएको भाग गोलो हुने गरी काट्नुहोस्।

तपाईं : ए...., हजुर, बुझें।

49 何(なに)かいい方法(ほうほう)がありますか

[49-1]

तपाईं : इतोजी, मलाई परिकारहरूको नाम सजिलै सम्झन सक्दिनँ......। कुनै राम्रो उपाय छ?

इतो : मलाई पनि सुरुमा गाह्रो भएको थियो। म मोबाइलले परिकारको फोटो खिचेर घरमा पटक–पटक हेर्थें।

तपाईं : फोटो हो? त्यो राम्रो हो है।

इतो : अनि पार्टटाईम काम गरिरहँदा पनि परिकारको नाम पटक–पटक चेक गर्थें।

तपाईं : राम्रो रहेछ है। भोलिदेखि म पनि गर्छु।

[49-2]

तपाईं : इतोजी, अर्को एउटा कुरा सोधे पनि हुन्छ?

इतो : हजुर, के हो?

तपाईं : केहीबेरअघि ग्राहकले "खाना ढिलो भयो!" भनेर रिसाएर ....।

इतो : ओहो, त्यो त गाह्रो भएछ है ।

तपाईं : हजुर। अचानक भनेर........., कारण व्याख्या गर्न सकिनँ।

इतो : झसङ्ग हुन्छ है। तर त्येस्तो बेला, कारण बताउनु अगाडि, "तपाईंलाई धेरै पर्खाउनु परेकोमा माफी चाहन्छु" भनेर माफी माग्नु सबैभन्दा राम्रो हुन्छ।

तपाईं : त्यस्तो है?

इतो : हजुर। त्यसपछि तुरुन्तै पसल प्रमुखलाई जानकारी दिनुहोस्।

50 席(せき)を外(はず)しております

[50-1]

तपाईं : नमस्कार। मिदोरी ट्रेडिङ कम्पनीको बिक्री विभागबाट पार्क हुँ।

किमुरा : सधैं सहयोगका लागि धन्यवाद। सेन्ट्रल सिस्टम कम्पनीबाट किमुरा हुँ।
यामादा विभाग प्रमुख हुनुहुन्छ?

तपाईं : माफ गर्नुहोस्। यामादाजी अहिले आफ्नो सिटमा हुनुहुन्न।

किमुरा : त्यस्तो हो? केही दिनअघि पठाएको कागजातका बारेमा जानकारी दिनु पर्ने कुरा भएर।

[50-2]

किमुरा : उम्...., यामादाजीसँग सीधै कुरा गर्न चाहेकोले, केहीबेरपछि म फेरि फोन गर्छु।

तपाईं : हुन्छ। बुझें। धन्यवाद।

51 どんなかばんでしょうか

[51-1]

डिपार्टमेन्ट स्टोर कर्मचारी : फोन गर्नुभएकोमा धन्यवाद।
वाकाबा डिपार्टमेन्ट स्टोरको सेवा केन्द्र हो। के कारणले फोन गर्नुभएको होला?

तपाईं : उम्.... , झोला बिर्सें।

[51-2]

डिपार्टमेन्ट स्टोर कर्मचारी : बुझें। कस्तो झोला हो?

तपाईं : कालो र ठूलो ब्याकप्याक हो।

डिपार्टमेन्ट स्टोर कर्मचारी : कालो र ठूलो ब्याकप्याक, है? बाहिरबाट थाहा पाउने कुनै चिन्ह छ?

तपाईं : खरायोको कि-रिङ झुण्डिएको छ।

52 Wi-Fiがつながらなくて…

[52-1]

सपोर्ट सेन्टर : हजुर, सपोर्ट सेन्टर हो। के भयो?

तपाईं : माफ गर्नुहोस्। Wi-Fi नजोडिएर.....। कम्प्युटरमा इन्टरनेट चलाउन सकिएको छैन ।

सपोर्ट सेन्टर : Wi-Fi है। असुविधाको लागि माफी चाहन्छौँ। त्येसो भए एकपटक मैले भनेअनुसार गरेर हेर्नुहुन्छ?

तपाईं : हुन्छ।

सपोर्ट सेन्टर : Wi-Fi राउटर थाहा छ? राउटरको प्लग निकालेर हेर्नुस्।

तपाईं : बुझैँ।

सपोर्ट सेन्टर : करिब एक मिनेट पर्खिएपछि फेरि प्लग जोड्नुहोस्। यसरी पुनः सुरु गर्दा जोडिन सक्छ ।

[52-2]

तपाईं : अहँ... आखिर जोडिएन।

सपोर्ट सेन्टर : त्यस्तो हो? त्यसो भए मर्मतको लागि आउँछौँ। उम्..... , मर्मतको लागि भोलि दिउँसो २ बजेदेखि ४ बजेसम्म हो भने आउन सक्छौँ। हजुरको लागि समय कस्तो होला?

तपाईं : ठिक छ।

सपोर्ट सेन्टर : त्यसो भए, हामी आउनुअघि तपाईंलाई फोन गर्छौँ। कृपया फोन उठाउन सक्ने अवस्थामा रहनु होला ।

तपाईं : हुन्छ, बुझें। कृपया त्यसै गर्नुहोस्।

53 燃(も)えないごみの日(ひ)に出(だ)すんですよ

[53-1]

सातो : शुभ प्रभात।

तपाईं : ए, सातोजी शुभ प्रभात।

सातो : अमितजी, त्यो सस् प्यान (भाँडो) हो है।

तपाईं : ए, हो। पुरानो भएकोले फ्याल्नको लागि सोचेको।

सातो : उम्..., आज मंगलबार भएकोले जल्ने फोहोर को दिन हो है।
सस् प्यान (भाँडो) धातुको भएकोले आज फाल्न मिल्दैन। नजल्ने फोहोरको दिन फाल्नुपर्छ।

तपाईं : त्यस्तो हो? थाहा थिएन।

[53-2]

सातो : नजल्ने फोहोर प्रत्येक दोस्रो र चौथो शुक्रबार हो।
यस हप्ताको शुक्रबार ठ्याक्क दोस्रो शुक्रबार हो है।

तपाईं : ए, त्यस्तो हो? बुझें।

सातो : ए, त्येस पछि फोहोर फाल्ने समयमा पनि ध्यान दिनुहोस् है।

तपाईं : समय हो?

सातो : हो। जल्ने फोहोर, नजल्ने फोहोर र पुनः प्रयोग हुने फोहोर सबै बिहान ८ बजेसम्म फाल्नुहोस् है।

54 火事（かじ）ですか、救急（きゅうきゅう）ですか

[54-1]

१११९ अपरेटर: ११९ हो। आगलागी हो कि एम्बुलेन्स हो?

तपाईं : एम्बुलेन्स हो।

[54-2]

११९ अपरेटर: के भयो?

तपाईं : उम्..., साइकल चालक गाडीसँग ठोकियो।

११९ अपरेटर: बुझें। पहिले स्थान बताउनुहोस्।

तपाईं : उम्..., केन्द्रीय हुलाक कार्यालयको अगाडिको सडक हो।

११९ अपरेटर: केन्द्रीय हुलाक कार्यालय अगाडि, है? घाइतेको अवस्था कस्तो छ?

तपाईं : टाउको ठोक्किएको जस्तो छ, दुख्यो भन्दैछ। रगत चाहिँ आएको छैन।

११९ अपरेटर: बुझें। अहिले एम्बुलेन्स त्यतैतर्फ आइरहेको छ। आइपुगुन्जेल सम्म घाइतेको छेउमै बसेर कुरा गरिरहनुहोस्। घाइते व्यक्तिलाई नचलाउनुहोस्। अनि साइरनको आवाज सुन्नुभयो भने हात हल्लाएर संकेत गर्नुहोस्।

तपाईं : हुन्छ, बुझें।

55 避難（ひなん）してください

[55-1]

घोषणा : अहिले आगलागी भएको छ। भवन नम्बर ४ को दोस्रो तलाको २१३ नम्बर प्रयोगशालाबाट धुवाँ निस्किरहेको छ। सबै विद्यार्थी, शिक्षक तथा कर्मचारीहरू शान्त रहनुहोस् र तुरुन्त खेल मैदानतर्फ सुरक्षित रूपमा जानुहोस्।

[55-2]

घोषणा : आपतकालीन निस्कने ढोकाबाट खेल मैदानतर्फ जानुहोस्। धुवाँ सासमा नजाओस् भनेर शरीर होचो पारेर हिँड्नुहोस्। रुमाल वा कपडाले मुख र नाक छोप्नुहोस्। लिफ्ट प्रयोग नगर्नुहोस्। सिँढी प्रयोग गर्नुहोस्।